# हल्दीवारी राजपत्र

हल्दीवारी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड २) झापा, कोशी प्रदेश, नेपाल, आश्विन २ गते २०८० साल ( संख्या १

## भाग २

हल्दीबारी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

झापा, कोशी प्रदेश नेपाल

### एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि-२०८०

हल्दीबारी गाउँपालिकाको कार्यपालिकाले वनाएको तल लेखिए वमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

हल्दीबारी राजपत्र

## एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि-२०८०

**प्रस्तावनाः** हल्दीबारी गाउँपालिका बासिन्दालाई स्वास्थ्य संस्थासम्म आकस्मिक उपचारका लागी पुग्नु पर्ने अवस्था आएमा एम्बुलेन्स सेवा प्रदान गर्न वान्छनीय भएकोले नेपालको संविधानको स्वास्थ्य सम्बन्धी हकलाई मध्यनजर गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ बमोजिम हल्दीबारी गाउँकार्यपालिकाको मिति २०८०-०६-०२ गतेको गाउँकार्यपालिकाको बैठकको निर्णयबाट स्वीकृत भई लागु गरिएको छ ।

### परिच्छेद १

१. **संक्षिप्त नाम र प्रारम्भः** (क) यस कार्यविधिको नाम हल्दीबारी गाउँपालिकाको एम्बुलेन्स सेवा संचालन तथा व्यवस्थापन कार्यविधि,२०८० रहने छ।

(ख) यो कार्यविधि गाउँकार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागु हुने छ।

२. **परिभाषाः**(१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "एम्बुलेन्स" भन्नाले बिरामी ओसार्ने स्वीकृत प्राप्त गरेको वाहन सम्झनु पर्छ र सो शब्दले एम्बुलेन्समा जडित उपकरण,चालक समेतलाई जनाउँछ ।

(ख) "एम्बुलेन्स जनशक्ति" भन्नाले एम्बुलेन्समा उपस्थित रहने स्वास्थ्यकर्मी र चालक सम्झनु पर्दछ ।

(ग) "चालक" भन्नाले एम्बुलेन्स चालक सम्झनु पर्दछ ।

(घ) "गाउँपालिका" भन्नाले हल्दीबारी गाउँपालिका सम्झनु पर्दछ ।

(ङ) "सेवा शुल्क" भन्नाले एम्बुलेन्स प्रयोग गरे वापत सेवाग्राहीले बुझाउनु पर्ने गरी समितिले तोकेको शुल्क सम्झनु पर्दछ ।

(च) "समिति" भन्नाले दफा ४ बमोजिम गठित एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन समिति सम्झनु पर्दछ ।

(छ) "सेवा" भन्नाले एम्बुलेन्सले बिरामीलाई दिने सम्पुर्ण सेवा सम्झनु पर्दछ ।

उदेश्यः(२) यस कार्यविधिका प्रमुख उद्देश्यहरु निम्नानुसार रहने छन् ।

(क) हल्दीबारीबासीका लागी घरबाट स्वास्थ्य संस्थासम्म आकस्मिक उपचारका लागी पुग्नु पर्ने अवस्था आएमा आकस्मिक एम्बुलेन्स सेवाको पहुँच वृद्धि गर्नु ।

(ख) गाउँकार्यपालिकाको आफ्नो एम्बुलेन्स संचालन ब्यवस्थित तरिकाले गरी संघीय कानून बमोजिम सञ्चालन गर्नु ।

## परिच्छेद २

## एम्बुलेन्स सञ्चालन विधि

**३.गाउँपालिकाले एम्बुलेन्स सञ्चालन गर्दाः** (१) गाउँपालिकाले सञ्चालन गर्दा देहायका विषय सुनिश्चित हुनु पर्नेछ,

(क) चौबिसै घण्टा खटिन हलुका सवारी चालक १ जना,

(ख) बार्षिक रुपमा मर्मत सम्भार तथा ईन्धनको व्यवस्थापन भएको,

(ग) टेलिफोन सहितको एम्बुलेन्स चालक कक्ष,

(घ) जिल्ला एम्बुलेन्स समितिबाट निर्धारण भएका अन्य विषयहरू,

(च) सेवा शुल्क वापत उठेको रकम गाउँपालिकाले अलग बैक खाता/ कोष खडागरी त्यसमा जम्मा गर्न सकिनेछ।

(छ) सेवा दिए वापत लिएको सेवा शुल्क नगदी रसिद काटी बैक खातामा जम्मा गर्ने र समितिमा मासिक अनुमोदनको लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष पेस गर्ने जिम्मेवारी सम्बन्धित चालकको हुनेछ ।

(ज) एम्बुलेन्सले सेवा दिएको स्थान र मिति खुल्ने गरी सवारी लगवुक राखु पर्ने छ र अनुसूचि १ बमोजिम लगबुक भर्ने जिम्मेवारी एम्बुलेन्स चालकको रहने छ भने प्रमाणित गर्ने जिम्मेवारी प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी हुनेछ ।

**४. एम्बुलेन्स सञ्चालन एवं व्यवस्थापन समिति सम्बन्धी व्यवस्थाः**

(१) एम्बुलेन्सको व्यवस्थापन, अनुगमन, सुपरीवेक्षण तथा उदेश्य अनुसारको काममा प्रयोग गर्न देहाय वमोजिमको एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन समिति रहने छ ।

| | |
|---|---|
| क) गाउँपालिका उपाध्यक्ष | -संयोजक |
| ख) प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| ग) सामाजिक बिकास समिति संयोजक | -सदस्य |
| घ) हल्दीबारी आधारभूत अस्पताल प्रमुख | -सदस्य |
| ङ) स्वास्थ्य शाखा प्रमुख | -सदस्य सचिब |

समितिमा संयोजकले प्रमुख प्रशासकीय अधिकृतको समन्वयमा आवस्यकतानुसार विषय क्षेत्रसँग सम्बन्धित विज्ञलाई आमन्त्रण गरी परामर्श लिन सक्ने छ ।

(२) एम्बुलेन्स सेवाको ब्यवस्थित उपयोग र संचालन सम्बन्धी तत्काल निर्णय लिनको लागि गाउँपालिका अध्यक्षको संयोजकतामा तिन सदस्य आकस्मिक सेवा सञ्चालन समितिको गठन गरिने छ।

| | |
|---|---|
| (क) गाउँपालिका अध्यक्ष | -संयोजक |

हल्दीबारी गाउँपालिका

(ख) गाउँपालिका उपाध्यक्ष -सदस्य

(ग) गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी -सदस्य सचिब

३) एम्बुलेन्स सेवा ब्यवस्थापन समितिको काम कर्तव्त र अधिकार देहाय बमोजिम हुनेछ ।

समितिको काम कर्तव्य र अधिकारः

(क) एन्बुलेन्स सेवा संचालन मा आइपर्ने समस्या तथा विवादमा आवस्यक निर्णय गर्ने ,

(ख) एम्बुलेन्स मर्मत सम्भारमा आवस्यक रेखदेख र निगरानी गर्ने,

(ग) एम्बुलेन्स सेवा संचालन कार्यविधि संशोधन सम्बन्धमा गाउँकार्यपालिकामा सिफारिस गर्ने,

(घ) एम्बुलेन्स सञ्चालन व्यवस्थापनमा देखिएका समस्या समाधानमा सहजिकरण गर्ने,

(ङ) एम्बुलेन्सको सहि सदुपयोग गराउने तथा २४ सै घण्टा एम्बुलेन्स सञ्चालनको सुनिश्चितता ल्याउने,

(च) एम्बुलेन्स सेवा व्यवस्थापन कोषको परिचालन तथा सम्बन्धित क्षेत्रको प्रर्वद्धनमा खर्च गरि सो को विवरण कार्यपालिका समक्ष पेश गर्ने ।

(छ) यस समितिबाट भए गरेको गतिविधि तथा सेवा संचालन सम्बन्धीको त्रैमासिक प्रतिवेदन कार्यपालिका समक्ष पेश गर्ने ।

(ज) चालक नियुक्ति गर्दा शारीरिकरुपमा स्वास्थ्य हुनुपर्ने,उमेर २५ बर्ष पुरा भई ४५ बर्ष ननाघेको हुनु पर्ने र चालकले पालना गर्नुपर्ने आचार संहिता अनुसूची (२) बमोजिम हुनेछ ।

**५.गाउँपालिका आफैले सञ्चालन गर्दा सेवा सम्बन्धमाः**

(क) हल्दीबारी गाउँपालिका स्थायी ठेगाना भई हल्दीबारी गाउँपालिका भित्र बसोबास गर्ने गर्भवती महिलाहरु प्रसुती सेवाको लागी आकस्मिक रुपमा पालिका भित्र रहेको जलथल स्वास्थ्य चौकीको *Birthing Centre* मा जाँदा र फर्कदा निःशुल्क एम्बुलेन्स सेवा दिइने छ साथै गर्भवती जाँच (A.N.C Checkup) प्रोटोकल अनुसार पुरा गरेको कार्डको आधारमा प्रसुती सेवाको लागी जिल्ला भित्रका अस्पताल/स्वास्थ्य संस्था जाँदा तोकिएको शुल्कमा ५० प्रतिशत एम्बुलेन्स सेवामा छुट दिइने छ ।

(ख) मृगौला रोगको कारण डाइलाइसिस गरिरहेका बिपन्न नागरिकहरुको लागी महिनामा १ पटक सम्म वडाको सिफारिसमा जिल्ला भित्रको लागि निःशुल्क सेवा, क्यान्सर रोगको उपचाररत विपिन्न नागरिकको लागि बर्षमा २ पटक सम्म जिल्ला भित्र निःशुल्क एम्बुलेन्स सेवा दिइने छ ।

(ग) आर्थिक अभाबको कारण कसैलाई पनि एम्बुलेन्स सेवा बाट बन्चित गरिने छैन ।अवस्था हेरि व्यवस्थापन समितिले थप निर्णय गर्न सक्ने छ ।

(घ) जेष्ठ नागरिकमध्ये ८० बर्ष पुरा भएका हल्दीबारीबासी नागरिकहरु विरामी /अस्वस्थ्य भई एम्बुलेन्स मार्फत पालिका भित्रको स्वास्थ्य संस्था/ अस्पताल सम्म पुर्याउन एकतर्फी निःशुल्क सेवा दिइनेछ । यसै

गरी गाउँपालिका बाहिर जिल्लाको कुनै सरकारी अस्पताल लैजानुपरेमा लाग्ने भाडादरमा ५०% छुट गरिनेछ ।

**६. सेवा शुल्क सम्बन्धी व्यवस्थाः**

(१) 'ख' बर्गको एम्बुलेन्स सेवा (अनुसूचि -०३) प्रयोग गरे वापत हल्दीबारीबासी सम्बन्धित सेवाग्राहीले निम्न अनुसारको रकम सेवा शुल्कको रुपमा बुझाउनु पर्नेछ र किलो मिटर गणना हुँदा दुवै तर्फको गणना हुने छ।

(क) गाउँपालिका क्षेत्र भित्रका अस्पताल स्वास्थ्य संस्थाको लागी रु ५००।–

(ख) झापा जिल्ला भित्र प्रति कि.मि. रू २५।००

(ग) जिल्ला बाहिरका लागि प्रति कि.मि रु २५।००

(घ) अन्य स्थानको भाडादरको हकमा समितिले निर्धारण गरेको भाडा दररेट वा निर्धारण नगरेसम्मको लागि जिल्ला दररेट कायम हुनेछ ।

(ङ) माथिको दररेट समितिले भाडा दर निर्धारण नगरेसम्म कायम रहनेछ ।

(ङ) एम्बुलेन्सको भाडा दर आवश्यकताको आधारमा समितिले थप निर्णय लिन सक्ने छ।

अनुसूचि-०१

एम्बुलेन्स सञ्चालन अभिलेख

हल्दीबारी गाउँपालिका

हल्दीबारी झापा

एम्बुलेन्स सेवा सञ्चालन गर्दा भर्नु पर्ने लगबुकको नमुना

| **क्र.स** | सेवाग्राहीको नाम थर | मिति | जादाको कि.मी | पुग्दाको कि.मी | जम्मा कि.मी | पुगेको स्थान देखी ................सम्म | फर्कि आएको मिति र समय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

रेकर्ड राख्नेः अपरेटर

रुजु गर्नेः स्वास्थ्य शाखा प्रमुख

प्रमाणित गर्नेः प्रमुख प्रशासकीय अधिकृत वा निजले तिकेको अधिकृत स्तरको कर्मचारी

हल्दीबारी राजपत्र

अनुसूचि-०३

खं वर्ग को एम्बुलेन्समा हुनु पर्ने उपकरण र औषधिको विवरण

हल्दीबारी गाउँपालिका

| **Emergency Equipment** | | **Medicines** | **Others** |
|---|---|---|---|
| 1. Stethoscope<br>2. B.P set<br>3. Torch Light<br>4. Tongue Depressure<br>5. IV Drips<br>6. Cannula and Syringes<br>7. ECG monitor and oxygen monitor<br>8. Intubation set<br>9. Various intubation tubes and laryngeal tubes | 10. Nebulizer set<br>11. Ambu bag<br>12. Manual suction set<br>13. Cervical collars<br>14. CPR board<br>15. Oxygen supply<br>16. Automated external defibrillator (AED)<br>17. Delivery sets<br>18. Dressing Sets<br>19. Splints<br>20. Catheterizations sets<br>21. Haemostatic sets<br>22. Others | | • Washing equipment<br>• Wheelchair and trolley<br>• Radio communication<br>• Two-way video consultation device<br>• Mobile device with 4G connectivity,<br>• Walkie Talkie<br>• Camera<br>• GPS (Geographical Positioning System) |

हल्दीबारी राजपत्र

अनुसूचि २

एम्बुलेन्स चालकले पालना गर्नुपर्ने आचार संहिता

हल्दीबारी गाउँपालिका

१.हल्दीबारी गाउँपालिकाको एम्बुलेन्स सेवा सञ्चालन कार्यविधि,२०८०लाई पूर्णतः पालना गर्नुपर्ने,

२.आफ्नो पेशागत भूमिका निर्वाह गर्ने क्रममा ईमान्दारिता र विश्वसनीयता कायम गर्दै आफ्नो पेशाको मान मर्यादामा खलल पुग्ने कुनै काम गर्न नहुने,

३.मादक पदार्थ,सुर्तिजन्य पदार्थ सेवन गरी एम्बुलेन्स चलाउनु नहुने,

४.बिरामी,कुरुवा तथा बिरामीसँग सम्बन्धित सामान बाहेक अन्य सरसामान तथा व्यक्ति (यात्रु) हरुलाई ओसारपसार गर्न नहुने ,

५.बिरामीको ओसारपसार तथा उपचार गर्ने क्रममा बिरामी तथा बिरामीको परिवारलाई सधै सम्मानपूर्वक व्यवहार गरी उच्चस्तरीय सेवा प्रदान गर्नुपर्ने,

६.आफुले लिएको निर्णयहरुमा आफ्नै व्यक्तिगत रुपमा जिम्मेवार र जवाफदेही हुनुपर्ने,

७.आफ्नो पेशागत दक्षता सुधार गर्दै लैजानुका साथै आफुमा भएका पेशागत दक्षता आफ्नो क्षेत्रका अरुलाई पनि सिकाउनु पर्ने,

८.कुनै पनि बिरामीलाई ओसारपसार गर्नु अघि उसको बारेमा पर्याप्त जानकारी लिई उपचारमा सहयोग गर्नुपर्ने,

९.बिरामीलाई बिच बाटोमा छाड्न नहुने,

१०.आफ्ने कामको सिलसिलामा पाएका कुनै पनि सूचना गोप्य राख्नुपर्ने तथा बिरामीहरुबाट पाएको जानकारी तेस्रो पक्षलाई भन्न नहुने तथा कानूनी र पेशागत दायित्व निर्वाह गर्न वा बिरामीहरुको सेवामा आवश्यक परेमा त्यस्तो सूचना बारेमा जानकारी दिन सक्ने,

११.एम्बुलेन्स सेवा व्यवस्थापनमा सहयोग गर्नुपर्ने ,

१२.आफुले उचित देखेको बिरामीको गुणस्तरीय सेवामा प्रभाव पार्ने राम्रा पक्षहरुको जानकारी आफ्नो सुपरिवेक्षक तथा स्वास्थ्य संस्थालाई जानकारी दिनुपर्ने,

१३. २४ सै घण्टा सेवा दिन तत्पर भई बस्ने ।

१४.नेपाल सरकारले प्रतिवन्ध लगाएका वस्तुहरु ओसारपसार नगर्ने । प्रचलित कानूनको पालना गर्नुपर्ने ।

१५. एम्बुलेन्ससँग आवश्यक तोकिएका अक्सिजन लगायत उपकरण प्राथमिक उपचार सामाग्रीहरु सदैव एम्बुलेन्समा व्यवस्थित गर्नुपर्नेछ ।

१६. एम्बुलेन्स सञ्चालन भएको दैनिक दुरी लगबुक प्रमाणित गराई राख्नुपर्नेछ । र सोको रेकर्ड अध्यावधिक कार्यालयमा गराउनुपर्नेछ ।

आज्ञाले,
मान बा. वन (महेन्द्र)
प्रमुख प्रशासकीय अधिकृत

हल्दीबारी राजपत्र